आर्थिक वर्ष : २०७९/८०
बैठक संख्या : १७

आज मिति २०८०/०३/१७ गतेका दिन विरुवा गाउँपालिका गाँउकार्यपालिकाको कार्यालयमा गाउँ कार्यपालिकाका अध्यक्ष श्री सूर्य बहादुर कुँवर ज्यूको अध्यक्षतामा वसेको कार्यपालिकाको बैठकबाट निम्न अनुसारको उपस्थितिमा तपसिल बमोजिमको निर्णय गरियो ।

उपस्थितिः

श्री सूर्य बहादुर कुवँर अध्यक्ष
श्री भगवती शर्मा उपाध्यक्ष
श्री राजेन्द्र कुमार के.सी. सदस्य
श्री नोमे बहादुर गुरुङ सदस्य
श्री मनुकुमारी राना सदस्य
श्री मुक्त बहादुर गुरुङ सदस्य
श्री ङन बहादुर थापा सदस्य
श्री कृष्णबहादुर क्षेत्री सदस्य
श्री मेखराज गुरुङ सदस्य
श्री नविन कुमार आंले सदस्य
श्री कुशुम देवी शर्मा श्रेष्ठ सदस्य
श्री र माया गुरुङ सदस्य
श्री दुर्मा देवी थापा सदस्य
श्री इन्दिरा पोखेल सदस्य
श्री पाल सिं विश्वकर्मा सदस्य
श्री कोपिला वि.क. सदस्य
श्री चन्द्रकान्त भण्डारी सदस्य सचिव प्र.प्र.अ.
श्री पिताम्बर पोखेल प्रशासन शाखा प्रमुख
श्री दिपक ढुंगाना, योजना शाखा प्रमुख

CS CamScanner

निर्णय नं. १

मिति २०८०/०३/१७

विरुवा गाउँपालिकाको भू-उपयोग योजना, २०८० स्वीकृत गर्ने सर्वसहमतिले निर्णय गरियो ।

निर्णय नं. २

अख्तियार दुरुपयोग अनुसन्धान आयोगको कार्यालय पोखराको मिति २०८०/०१/०८ च.नं. ४९९७२ को पत्रको व्यहोरा बमोजिम विरुवा गाउँपालिका वडा नं. ६ स्थित जनप्रिय माध्यमिक विद्यालयमा २०७८ सालमा विरुवा गाउँपालिकाबाट कक्षा ११ र १२ का विद्यार्थीको पाठ्यपुस्तक अनुदानका लागि दिईएको रकमको भुक्तानी सम्बन्धमा परेको उजुरीमाथी आवश्यक छानविन गरी प्रतिवेदन पेश गर्न लेखा समिति संयोजक श्री मुक्त बहादुर गुरुङको अध्यक्षतामा गठित छानविन समितिले कार्यपालिका समक्ष पेश गरेको छानविन प्रतिवेदनमाथि छलफल गरी स्वीकृत गर्ने सर्वसहमतिले निर्णय गरियो ।

निर्णय नं. ३

विरुवा गाउँपालिका कार्यालय अन्तर्गत कार्यरत वडा कार्यालय अन्तर्गतको जिम्मेवारी तोकिएका प्राविधिक कर्मचारीहरुलाई श्रावण १ गतेदेखी अनिवार्य रुपमा वडा कार्यालयमा हाजिर हुनेगरी कामकाजमा लगाउने सर्वसहमतिले निर्णय गरियो ।

निर्णय नं. ४

विरुवा गाउँपालिकाको डिजिटल भिलेज प्रोफाईल स्वीकृत गर्ने निर्णय सर्वसहमतिले गरियो ।

निर्णय नं. ५

गण्डकी प्रदेश प्रशिक्षण प्रतिष्ठान र विरुवा गाउँपालिकाको लागत साझेदारीमा निर्माण भएको विरुवा गाउँपालिकाको आवधिक योजना २०८०/८१-२०८४/८५ स्वीकृत गर्ने निर्णय सर्वसहमतिले गरियो ।

निर्णय नं. ६

विरुवा गाउँपालिका कार्यालयमा खानेपानी मूल दर्ताका लागि रीतपूर्वक निबेदन पेश भई विरुवा गाउँपालिकाको खानेपानी मूल दर्ता तथा सरसफाई उपभोक्ता समिति कार्यविधि, २०७७ बमोजिम प्रक्रिया पुरा गरेको खाली खानेपानी तथा सरसफाई उपभोक्ता समिति विरुवा ३ (लाकुरीखोला खानेपानी मूल, विरुवा-३ र ज्ञाचदी खानेपानी मूल, पु.ब.न.पा.-२) लाई दर्ताका लागि स्वीकृती प्रदान गर्ने सर्वसहमतिले निर्णय गरियो ।

निर्णय नं. ७

विरुवा गाउँपालिकाको कार्यालयद्धारा संचालित एम्बुलेन्स ( ग १ झ ५८८) को विभिन्न समयमा मर्मतवापत खर्च भएको विलअनुसारको एकमुष्ठ रकम रु ७०,४५०/- भुक्तानी गर्ने निर्णय सर्वसहमतिले गरियो ।

CamScanner

निर्णय नं. ८

विरुवा गाउँपालिका क्षेत्रभित्रका तपसिल सडकहरुको मर्मत सम्भार र नाली सरसफाईका लागि उल्लेखित संख्यामा बाटो हेरालुको व्यवस्था गरी १५ दिन नबढ्ने गरी सडक सरसफाईको काममा लगाउने निर्णय सर्वसहमतिले गरियो ।

तपसिल :

राङखोला धोवादी विरुवा सडक - ५ जना

भन्ज्याङ्ग बाहुँ विरुवा सडक - ३ जना

ज्याग्दी करिडोर -४ जना

विरुवा सिखरसिङ दह सडक - ३ जना

विरुवा तर्ले कुसुमभन्ज्याङ्ग सडक - ४ जना

बेलघारी मेथाभुरुङ सपाउंदे सडक - ३ जना

धोवादी खाली खाङराङ सडक - ३ जना

निर्णय नं. ९

विरुवा गाउँपालिका कार्यालय र अन्तर्गतका विभिन्न स्वास्थ्य संस्थाहरुमा रिक्त विभिन्न पदहरुमा पदपूर्तीका लागि २०८०/०१/२० गतेदेखी २०८०/०१/२४ गतेसम्म संचालन भएको पदपूर्ती प्रक्रियामा संलग्न कर्मचारीहरुलाई लोक सेवा आयोगले निर्धारण गरेको दररेटमा नियमानुसारको भत्ता रकम करार सेवा शुल्क खर्च शिर्षकबाट उपलब्ध गराउने सर्वसहमतिले निर्णय गरियो।

निर्णय नं. १०

विरुवा गाउँपालिका कार्यालय वडा नं. ६ स्थित चिन्नेवास स्वास्थ्य चौकीमा स्वास्थ्य प्रयोगशाला (ल्याव) स्थापनाका लागि आवश्यक सामाग्री खरिद बापतको एकमुष्ठ खर्च रकम रु ४,७४,१५८/- आ.व.२०७९/८० का लागि स्वास्थ्य सेवा अन्तर्गतको शशर्त बजेटमा समावेश (स्थानीय तहका स्वास्थ्य चौकी, प्रा.स्वा.के. र अस्पतालहरुमा कार्यरत कर्मचारीहरुको तलब, महङ्गी भत्ता, स्थानीय भत्ता, पोषाक लगायत प्रशासनिक खर्च समेत) खर्च शिर्षकबाट भुक्तानी दिने सर्वसहमतिले निर्णय गरियो।

निर्णय नं. ११

संघिय सर्शत कार्यक्रम अन्तर्गत तोकिएको विद्यार्थीको दिवा खाजाका लागि विद्यालयलाई अनुदान शिर्षकमा जम्मा रु ३६,२१,०००/- रकम रहेको र दिवा खाजा कार्यक्रमका लागि रु ३,७८,२१८/- सो शिर्षकबाट निकासा दिन अपुग भएकोले अपुग रकम संघिय सर्शत कार्यक्रम अन्तर्गतको आधारभूत तह कक्षा ६-८ मा अंग्रेजी, गणित र विज्ञान विषयमा शिक्षण सहयोग अनुदान शिर्षकबाट निकासा दिने सर्वसहमतिले निर्णय गरियो।

CamScanner